# एकीकृत प्रगति प्रतिवेदन

## (अर्ध वार्षिक समिक्षा)

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, बेपत्ता, घाइते योद्धाहरु र पिडीतहरु प्रति सर्वप्रथम उच्च सम्मान सहितको स्मरण गर्न चाहन्छु । साथै पहिलो, दोश्रो र तेस्रो चरणको कोभिड-१९ को माहामारीमा परिवारका सदस्य गुमाएका परिवारजनहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दै संक्रमणबाट गुज्रीरहेका सबैमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु । कोभिड-१९ को माहामारीले सिर्जना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चुनौतिपूर्ण परिस्थितिको हामीले समेत सामना गर्दै आर्थिक गतिविधिलाई गतिशिल तुल्याउँदै पुनरुत्थान गर्न सकिन्छ भन्ने दृढ आत्मविश्वासका साथ आर्थिक वर्ष २०७८/७९ को बजेट, नीति तथा कार्यक्रम आठौं नगर सभा मार्फत घोषणा गरिएको थियो । नेपालको संविधान बमोजिम निर्वाचित हामी जनप्रतिनीधिहरुको आज ४ बर्षे कार्यकाल पुरा गरि पाँचौं बर्षको उत्तरार्धमा प्रवेश गरेका छौं । यसै अवधि भित्र हामीले ६७ वटा कार्यपालिका वैठकहरु तथा ८ वटा नगरसभा समेत सम्पन्न गर्दै आज पनि विषम परिस्थितिको वीचमा नवौं नगरसभाको आयोजना हुँदै छ । नवौं नगरसभामा नगर प्रमुखको हैसियतले आ.व. २०७८/७९ को वार्षिक बजेट नीति तथा कार्यक्रमको समिक्षा यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्ष विभोर भएको छु । यस ऐतिहासिक गरिमामय समारोहमा उपस्थित उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण सभासद्हरु, विभिन्न विषगत शाखा प्रमुखहरु लगायत कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु, नवौं नगर सभालाई नजिकबाट नियालिरहनु हुने सबै नगरबासी आमा, बुबा, दाजुभाई र दिदीबहिनीहरु प्रति समेत राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

**नगर सभाका सदस्यज्यूहरु,**

आ.व. २०७८/७९ को बार्षिक स्वीकृत योजना तथा कार्यक्रम अर्न्तगत हालसम्म नगरपालिकाबाट प्रवाह भएका सेवाहरु र संचालन भएका कार्यक्रम र विकास निर्माणका कार्यहरुको भौतिक एवम् वित्तीय प्रगति निम्नानुसार प्रस्तुत गरेको छु ।

### १. आर्थिक प्रशासनतर्फ

- यस आर्थिक वर्षमा हालसम्म चालु तर्फ कुल जम्मा ३७ करोड ९७ लाख ३० हजार बजेट विनियोजन भएकोमा हालसम्म १३ करोड ८८ लाख ५२ हजार खर्च भएको छ । जुन खर्च प्रतिशतमा ३६.५६ प्रतिशत हुन्छ । त्यसै गरी पूँजीगततर्फ कुल जम्मा १५ करोड ४९ लाख ६३ हजार बजेट विनियोजन भएकोमा हालसम्म १ करोड १९ लाख ८२ हजार खर्च भएको छ । जुन खर्च प्रतिशतमा ७.७३ प्रतिशत हुन्छ । गत वर्ष सोही अवधिमा चालुतर्फ ८२.८ प्रतिशत र पुँजीगततर्फ ६४.४५ प्रतिशत खर्च भएको थियो ।
- क्षेत्रगत खर्च हेर्दा आर्थिक विकास तर्फ ६.७७ प्रतिशत, सामाजिक विकास तर्फ ३२.२९ प्रतिशत, पूर्वाधार विकास तर्फ १३.५६ प्रतिशत, सुशासन तथा अन्तर्सम्वन्धित क्षेत्र तर्फ १६.८८ प्रतिशत र कार्यालय संचालन तथा प्रशासनिक तर्फ ३९.८६ प्रतिशत खर्च भएको छ ।
- हालसम्म संचित कोषमा २ करोड ८९ लाख ४७ हजार रकम जम्मा भएको छ ।

- नगरपालिकामा यस अवधिमा जम्मा २४ लाख ९५ हजार आन्तरिक राजस्व संकलन भएको छ ।

## २. योजना तथा प्राविधिकतर्फ

- नगरको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति सहितको आवधिक नगर विकास योजना निर्माण गर्न परामर्शदातासँग सम्झौता भएको छ । २०७९ बैशाख मसान्त भित्र नगर विकास योजना निर्माण सम्पन्न गरिनेछ ।
- राइनास नगर विकास योजना तथा बजेट अर्न्तगत पूर्वाधार विकास तर्फका १७० वटा योजनाहरु मध्ये हालसम्म १२२ वटा योजना सम्झौता भएका छन् । ७ वटा योजना ठेक्का प्रक्रिया मार्फत कार्यान्वयनमा लगिएकोमा ३ वटा योजना सम्झौता भई निर्माण व्यवसायी मार्फत कार्य प्रारम्भ भएको छ । उपभोक्ता समितिबाट सञ्चालनका लागि सम्झौता भएका योजना मध्ये  २० वटा योजनाको भुक्तानी भईसकेको छ ।
- तर्से माझीगाउँ सग्रबास साततले सडक योजनाको लागि विनियोजित रकम रु. १ करोडको ठेक्का कार्य सम्पन्न भएको छ ।
- हर्राबोट मोहरीयाकोट प्यारजुङ सडकको लागि विनियोजन भएको रु. २५ लाखको ठेक्का कार्य प्रारम्भ भएको छ ।
- १५ सैयाको अस्पताल निर्माण कार्य सम्झौता भई काम सुरु भईसकेको छ । उक्त योजनाको १२ प्रतिशत काम सम्पन्न भएको छ ।
- राइनास नगरपालिका प्रशासकीय भवन निर्माण कार्य हालसम्म ७० प्रतिशत सम्पन्न भएको छ । चालु आ.व. भित्र प्रशासकीय भवन सम्पन्न गर्न निर्माण व्यवसायीलााई ताकेता गरिएको छ ।
- सालफेदी लुपुगाउँ सडक ११ लाखमा ठेक्का सम्झौता भएको ।
- राइनास नगरपालिकाको ऐतिहासिक र विरगाथाको सम्झना स्वरुप गुरु योजना अनुकुल निर्माणाधीन भक्तिपार्कको २०७८ साल माघ २३ गते श्रीपञ्चमीको पावन अवसरमा विधिवत रुपमा उद्घाटन गरिएको छ । भक्ति पार्क निर्माण कार्य जारी छ ।
- वडाबाट प्राप्त प्रगति विवरण अनुसार वडा नं. ६ को योजना सम्झौता तथा कार्य सम्पन्न भएका योजनाको संख्या अन्य वडाको तुलनामा बढी रहेको छ ।
- वडा नं. २ को कार्यालय भवन निर्माणको लागि ठेक्का प्रक्रिया शुरुवात गरिएको छ ।
- धमिलिकुवा स्वास्थ्यचौकी स्तरोन्नती कार्यको लागि डि.पि.आर. तयारी एवं स्वास्थ्य चौकी व्यवस्थापन समितिसँग छलफल गरी कार्य प्रारम्भ गरिएको छ ।
- बृहत राइनासटार सिँचाई आयोजनाको लागि विनियोजन भएको ३० लाख रकमबाट स्थानीय श्रम सहभागिता समेत करिब ३३ लाखको कार्य सम्पन्न हुने क्रममा रहेको छ ।
- राइनास नगरपालिकामा हाल सम्म जम्मा ६३५ घरहरु नक्सापास एवं अभिलेखिकरण भएका छन ।  यस आ.व. मा  १० वटा घर अभिलेखीकरण र ९ वटा घर कायम भएका छन । नया घर नक्सा पासको प्रक्रियामा रहेका १८ वटा  घरहरुमध्ये १ वटा घर मात्र सम्पन्न भएको छ । प्रक्रियागत रुपमा नक्सा पास गरी घर निर्माण गर्ने भन्दा घर अभिलेखीकरण गर्ने सङ्ख्या बढी रहेको छ ।

## ३. शिक्षा युवा तथा खेलकुद विकासतर्फ

- यस नगरपालिका भित्र जम्मा ३६ वटा सामुदायिक विद्यालयमा विविध दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको संख्या ३३८ रहेको छ । नगरपालिका भित्र जम्मा ११ वटा मा.वि, १ वटा आधारभुत विद्यालय, २४ वटा प्रा.वि र ५ वटा संस्थागत विद्यालय छन । जसमा जम्मा ४९२२ विद्यार्थी सङ्ख्या रहेका छन । जसमध्ये सामुदायिक विद्यालयतर्फ ४१६८ र संस्थागत विद्यालय तर्फ ७५४ जना विद्यार्थी रहेका छन ।
- ११ वटा माध्यमिक विद्यालय मध्ये विद्यार्थी सङ्ख्या बढी भएको विद्यालय श्री सौभाग्योदय नमूना मा.वि. जसमा ६०६ विद्यार्थी रहेका र श्री जनता मा.वि. मा सवैभन्दा कम ८३ जना मात्र विद्यार्थी रहेका छन । २४ वटा प्रा.विहरुमध्ये श्री प्रगति प्रा.वि. मा ६९ जना विद्यार्थी सङ्ख्या रहेको, श्री सन्त प्रा.वि. र श्री मनकामना प्रा.वि. मा अत्यन्त न्यून ई.सि.डि मा मात्र चार/चार जना रहेका छन ।
- श्री महेन्द्रबाल विकास मा.वि. बोराङ, शिशु विद्याश्रम मा.वि. तिनपिप्ले, शारदा मा.वि. गरमबेशी, र रुद्र मा.वि. हर्रावोट लाई माध्यमिक तह कक्षा ९-१० मा अंगेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराइएको छ ।
- नियमित मासिक प्र.अ. बैठकहरु सञ्चालन भइरहेको छ ।
- शैक्षिक प्रोफाइल निर्माणका लागि तथ्याङ्कहरु संकलन कार्य भइरहेको छ ।
- स्थानिय पाठ्यक्रम निर्माण सम्वन्धी प्राविधिक समिति र सल्लाकार समिति निर्माण गरिएको र प्राविधिक समितिवाट सुचना, तथ्याङ्क र नमुनाहरु संकलन गरिएको छ ।
- नगरपालिकामा सञ्चालनमा रहेका ५ वटा सामुदायिक सिकाइ केन्द्रहरुलाई रु. १,००,०००।- (अक्षरुपी एक लाख मात्र) का दरले कर्मचारी तथा अन्य व्यवस्थापनको लागि अनुदान निकासा गरिएको छ ।
- अन्तर्राष्ट्रिय साक्षरता दिवस नगर स्तरीय माध्यमिक तहका विद्यार्थीहरुको सहभागितामा शिक्षामा कोभिड महामारीको प्रभाव विषयमा बक्तृत्वकला प्रतियोगिता संचालन गरी मनाइएको छ ।
- नगरसभाबाट स्वीकृत वार्षिक बजेटबाट यस पालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा ८ वटा माध्यमिक तह तृतीय श्रेणी सरहको तलव खाने गरी दरबन्दी सृजना गरी शिक्षण कार्यलाई स्तरोन्नती गर्ने प्रयास गरिएको छ ।
- विद्यालयमा शैक्षिक तथा भौतिक अवलोकन, निरीक्षण र अनुगमनकार्य निरन्तर भएको छ ।
- शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट एकिन गरी आएको प्राथमिक तहको १२ पुल दरबन्दी मिलान गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर पठाइएको छ ।
- नमूना विद्यालय कार्यक्रम अन्तरगत शैलपुत्री मा.वि. र शौभाग्योदय मा.वि. को पहिलो किस्ता रकम निकासा भएको छ ।

## ४. स्वास्थ्य सेवातर्फ

- कोभिड १९ विरुद्धको खोप १८ वर्षमाथि प्रथम डोज ९८ प्रतिशतले र दोस्रो डोज ८२ प्रतिशतले खोप लगाईसकिएको अवस्था छ । अग्रपङ्तिमा रहेर कार्य गर्ने राष्ट्रसेवक र जनप्रतिनिधीलाई बुष्टर डोज समेत लगाई सकिएको छ ।
- एच.आई.भि. संकमितहरुलाई पोषण र यातायात खर्च कार्यक्रम सञ्चालन गरिएको छ । जसबाट २४ जना एच.आई.भि. संकमित लाभान्वित भएका छन ।
- नगरपालिका भित्रका ४ वटा स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्ड कार्यक्रम सञ्चालन गरिएको छ । स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड मूल्याङ्कन गर्दा ५० देखि ६९ प्रतिशत (पहेंलो रङ्ग) रहेका स्वास्थ्य संस्थाहरु ४ वटा छन ।  तार्कुघाट स्वास्थ्य चौकी र धमिलिकुवा स्वास्थ्य चौकीले ७० देखि ८५ (निलो रङ्ग) प्राप्त गरेका छन ।
- धमिलिकुवा स्वास्थ्य चौकीमा बृहत पोषण प्याकेज तालिम कार्यक्रम संचालन गरिएको छ । जसबाट  ४३ जना लाभान्वित भएका छन ।
- स्वास्थ्य संस्थाहरुको मासिक तथा चौमासिक बैठक निरन्तर भइरहेको छ ।
- क्षयरोग अर्धबार्षिक समिक्षा कार्यक्रम संचालन जसमा ३ जना क्षयरोगी उपचारत पाइयो । नगरपालिकाका ५९ जनामा क्षयरोग खोजपडताल कार्यक्रम संचालन गरिएकोमा कुनै पनि नयाँ क्षयरोगी नभेटिएको अवस्था छ ।
- स्वास्थ्यकर्मीलाई Onsite  कोचिङ कार्यक्रम निरन्तर सञ्चालन भइरहेको छ ।
- दम, प्रेसर, सुगर, ग्यास्ट्रिक लगायतका दीर्घ रोगहरुको लागि विभिन्न १० प्रकारका औषधीहरु  स्वास्थ्य संस्थाबाट निशुल्क वितरण हुने व्यवस्था मिलाइएको छ ।
- विश्वभर फैलिएको कोभिड १९ बाट नगरबासीको उपचारलाई सहज बनाउन सहोदर सामुदायिक अस्पतालसँगको सहकार्यमा अक्सिजन प्लान्ट खरीद कार्य सम्पन्न भएको छ ।

## ५. कृषि विकास तथा सहकारीतर्फ

- नगरपालिका अर्न्तगतका सम्पूर्ण वडामा ५० प्रतिशत अनुदानमा तरकारी वीउ केराउ, प्याज, मुला, घिउसिमी र गाजरहरुको विउ वितरण गरिएको छ । यस कार्यक्रमबाट करिव ५५० कृषक घर परिवार लाभान्वित भएका छन ।
- ५० प्रतिशत अनुदानमा १६ मे. ट. एम.एस जातको आलुको बीउ सम्पूर्ण वडामा वितरण गरिएको छ । जसबाट करिब ३१०० कृषक परिवार लाभान्वित भएका छन ।
- वडास्तरीय कृषक तालिम वडा नं. ८, ९ र १० मा सञ्चालित  गरिएको छ । जसबाट ६० जना अगुवा कृषक लाभान्वित भएका छन ।
- सर्सत अनुदान अर्न्तगतका कार्यक्रममा गत आ.व. को निरन्तरताको लागि सूचना प्रकाशन गरी आवेदन संकलन कार्य गरिएको छ ।
- हाल सम्म आ.व. २०७८/७९ मा कृषि विकासतर्फ नगरपालिकाबाट विनियोजित ४० लाख बजेट मध्ये ८ लाख खर्च भएको छ । जुन खर्च प्रतिशतमा २० प्रतिशत हुन्छ ।

## ६. पशुपन्क्षी सेवातर्फ

- यस अवधिमा माइनर सर्जिकल सेवा अर्न्तगत ८० वटा बंगुर, १४ वटा बोकाको माइनर सर्जिकल गरिएको छ। २४२ पशुहरुको गोवर परिक्षण, ९६ कुकुर, ६ विरालो र २ वादर गरी जम्मा १०५ लाइ रेविज खोप लगाइएको छ। ४३ वटा पशुपंक्षीको गाइनोक्लोजिकल उपचार भएको छ। ७७ वटा बहर र ३५५ वटा बोका गरी जम्मा ४३२ पशु बन्ध्याकरण गरिएको छ। ५९ वटा गाई र १८४ वटा भैसी गरी जम्मा २४३ कृत्रिम गर्भाधान भएको छ। गाई, भैसी, भेडा, बाखा, बंगुर, संुगुर र कुखुरा गरी जम्मा १०८३ पशुपंक्षीलाई मेडिकल उपचार सेवा प्रवाह गरिएको छ।
- विश्व रेविज दिवस कार्यक्रम वडा नं. ९ र १० मा करिव ७० वटा कुकुरमा रेविज विरुद्धको खोप लगाई सम्पन्न गरिएको छ।
- नगर पालिकाको वडा नं. ८ मा खोरेत रोग विरुद्धको करिब ७०० एफ.एम.टि. भ्याक्सिन पशु चौपायलाई लगाइएको छ। पि.पि.आर. भ्याक्सिन कार्यक्रम सञ्चालमा रहेको छ।
- नगरस्तरीय ३ दिने कुखुरा पालन तालिम संचालन गरिएको छ, जसमा २७ जना कृषक लाभान्वित भएका छन।
- नगरस्तरीय ३ दिने बंगुर पालन तालिम संचालन गरिएको, जसबाट २७ जना कृषक लाभान्वित भएका छन।
- पशु सेवा उपचारका लागि निरन्तर वितरण भइरहेको छ। ४० प्रकारका औषधि खरीद गरि सेवा प्रवाह भइरहेको छ ।
- हाल सम्म आ.व. २०७८/७९ मा पशुपंक्षी विकास तर्फ नगरपालिकाबाट विनियोजित ४० लाख बजेट मध्ये ६ लाख खर्च भएको छ। जुन खर्च प्रतिशतमा १५ प्रतिशत हुन्छ।

## ७. महिला बालबालिका तथा ज्येष्ठ नागरिकतर्फ

- हालसम्म जम्मा ४०२ जना ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएकोमा यस अवधिमा ८३ जना पुरुष र १०० जना महिला गरी जम्मा १८३ जना ज्येष्ठ नागरिकलाई परिचयपत्र वितरण गरिएको छ । त्यसैगरी हालसम्म जम्मा २३९ जना अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता परिचयपत्र प्राप्त गरेकामा यस अवधिमा ८ जना महिला २० जना पुरुष गरी जम्मा २८ जना अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरिएको छ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रम प्रत्येक वडामा वडास्तरीय संचालन गरिएकोमा ५ नं. वडामा सम्पन्न हुन नसकेको अवस्था छ । उक्त कार्यक्रमवाट करिव १०० जना ज्येष्ठ नागरिकहरु लाभान्वित भएका छन।
- अपाङ्गता दिवस नगरस्तरीय सचेतनामुलक अर्न्तक्रिया कार्यक्रम गरी मनाइएकोमा करिव १०० जना लाभान्वित भई अपाङगता भएका व्यक्तिहरुको सशक्तिकरण भएको छ।
- अन्तराष्ट्रिय बाल अधिकार दिवस प्रा.वि स्तरीय चित्रकला प्रतियोगिता कार्यक्रम संचालन गरी मनाइएकोमा ४० जना वालवालिका लाभान्वित भएका र वालवालिकाको अन्तरनिहित सिप कला प्रस्फुटन भएको छ।

- अपाङगता भएका व्यक्ति वा परिवारका सदस्यहरुलाई सीप विकास तालिम संचालन गरिएको । जसमा २० जना अपाङ्गता भएका व्यक्तिहरुलाई टेवा रकम वापत प्रत्येकलाई तीन हजार रकम प्रदान गरिएको छ । जसबाट आय आर्जनमा सहयोग पुगेको छ ।
- यस शाखामा जम्मा बजेट ३० लाख ७३ हजार रहेकोमा हालसम्म ५ लाख ८३ हजार खर्च भएको छ । खर्च प्रतिशतमा करिव १९ प्रतिशत रहेको छ ।

## ८. आयुर्वेदतर्फ

- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम अर्न्तगत ४ वटा माध्यमिक विद्यालयका कक्षा ९ र १० का विद्यार्थीहरुलाई स्थानीय स्तरमा प्राप्त हुने जडिबुटीको उपयोग र योगको बारेमा जानकारी गराई विद्यालयमा योगका विभिन्न क्रियाकलापको अभ्यास गराउन विद्यालय आयुर्वेद तथा योग कार्यक्रम शुरु गरिएको छ ।
- राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती आयोजना गरी योग, ध्यान सम्बन्धी जागरण अभियान संचालन गरिएको छ ।
- चक्रतिर्थ आयुर्वेद भवन रङ्गरोगन तथा मर्मत संभार कार्य भएको छ ।
- ३० भन्दा बढी प्रकारका रोगहरुको औषधी निरन्तर वितरण गरिएको छ । जसवाट यस अवधिमा तार्कुघाट आयुर्वेद औषधालय र चक्ततिर्थ आयुर्वेद औषधालयमा गरी जम्मा २५०७ जना व्यक्तिहरु लाभान्वित भएका छन ।

## ९. सूचना तथा संचार प्रविधितर्फ

- सम्पूर्ण वडा कार्यालय तथा नगरपालिका अर्न्तगतका शाखाहरुमा इन्टरनेट सुविधाको विस्तार भएको छ ।
- नगरपालिकामा संचालनमा रहेका वेवसाइट, सुत्र, पञ्जीकरण कार्य अनलाइन प्रणालीबाट संचालन भएका छन ।

## १०. प्रशासन तथा वडा कार्यालयतर्फ

- आ.व. २०७७/७८ को बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरियो ।
- जिन्सी निरीक्षण कार्य सम्पन्न भएको छ ।
- यस अवधिमा समग्र वडा कार्यालयबाट प्रवाह भएका सेवाहरु र संकलन भएको राजस्व हेर्दा ८ नं. वडाबाट तुलनात्मक रुपमा धेरै सेवा प्रवाह र बढी राजस्व जम्मा भएको देखिन्छ । जसको विस्तृत विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## ११. सामाजिक सुरक्षा तथा विपन्न नागरिक सहायतातर्फ

- यस अवधिमा नगरपालिकाका १० वटै वडा कार्यालमा अनलाइन घटना दर्ता प्रणाली संचालन गरिएको छ । वडाहरुमा रहेको घटना दर्ताहरुको रजिष्टरहरु डिजिटाइजेशनको कार्य सम्पन्न भएको छ । १० वटै वडा कार्यालयहरुमा सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गरिएको छ ।
- दोश्रो चौमासिकसम्म सामाजिक सुरक्षा अन्तर्गत २,७४,१८,६६९।- रुपैया वितरण भएको छ जसमध्ये जम्मा लाभग्राही सङ्या ३०४७ रहेको छ ।

- हाल सामाजिक सुरक्षा भत्ता वितरण बैंङ्कीङ् प्रणाली मार्फत भएको छ ।
- चालु आ.व.मा विपत र दीर्घ रोगबाट प्रभावित नागरिकको जीवन रक्षार्थ नगर कार्यपालिकाको विभिन्न निर्णयबाट १४२ जना राइनासवासीलाई करीब २३ लाख आर्थिक सहायता उपलब्ध गराइएको छ ।

## १२. भुकम्प सम्बन्धी कार्य

आ.व.०७८/७९ को यस अवधीसम्म कुल लाभग्राही सङ्ख्या ३१५४ जना रहेको छ । जसमा प्रथम, दोश्रो र तेश्रो किस्ता प्राप्त गर्ने लाभग्राहीको संख्या क्रमश: ३०००, २६८७ र २४१३ रहेको छ । भुकम्प प्रभावित १० घरपरिवारले आवास पुनर्निमाणको लागि पुनरावेदन गरेको छ ।

## १३. शासकीय सुधार र सुशासन प्रवर्द्धनतर्फ

- नगरपालिकाको कार्य क्षेत्र एवं कार्यचाप र कार्यरत कर्मचारीको संख्या, क्षमता वीच तादाम्यता हुने गरी प्रारम्भिक संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी यसै सभामा पेश गरिएको छ ।
- कर्मचारीको वार्षिक तलब एवं भत्तालाई विधिसम्मत बनाउन कर्मचारी तलबी प्रतिवेदन तयार गरी नवौं नगरसभामा स्वीकृतिको लागि पेश गरिएको छ ।
- नियमित रुपमा कर्मचारी एवं शाखा प्रमुख वैठक बसी वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन समिक्षा, समस्या एवं चुनौती विषयमा छलफल गर्ने कार्यको प्रारम्भ गरिएको छ ।
- चालु आ.व.को दोश्रो नगर सभामा विधेयक समितिमा छलफल भइ स्वीकृति भएको तथा जनताको सुझाव समेत समेटिएको २१ वटा नयाँ कानूनहरु पेश गरिएको छ । उक्त कानूनहरु स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात नगरपालिकाबाट व्यवसाय, संस्था, समिति, समूह दर्ता नविकरण सम्बन्धी कार्य सुचारु हुनेछ । सुशासन प्रवर्द्धनमा टेवा पुग्नेछ ।
- नगरपालिकाको कुल वेरुजु मध्ये चालु आ.व.को यसै सभाबाट रु. एक करोड वीस लाख तेत्तीस हजार सात सय अठ्सट्ठी रुपैयाँ वेरुजु नियमित गर्न पेश गरिएको छ ।
- न्यायिक समितिमा विगत आ.व. मा कारवाही किनारा हुन बाँकी रहेको ९ वटा मुद्दा एवं चालु आ.व.को १७ वटा समेत २६ वटा मुद्दा दर्ता भएकोमा चालु आ.व. मा ५ वटा मुद्दामा न्यायिक निरुपण भएको छ ।
- चालु आ.व.मा योजना अनुगमन तथा फरफारक कार्यविधि यसै सभामा पेश गरिएको छ । उक्त कार्यविधि अनुसार योजनाहरुको गुणस्तर तथा कार्य परीमाण सुनिश्चित गर्न अनुगमन कार्यलाई कडाईका साथ कार्यान्वयनमा लगिने छ ।

**अन्त्यमा,**

राइनास नगरपालिकाको यस आठौं नगरसभामा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरुलाई साकार पार्न महत्वपूर्ण भूमिकामा रहनु हुने सम्पूर्ण जनप्रतिनिधि, पदाधिकारीज्यूहरु, क्रियाशिल राजनीतिक दल तथा दलका प्रमुखज्यूहरु, विशेष भूमिकामा रहनुभएका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र नगरसभालाई नजिकबाट नियालिरहनु हुने नगरवासीहरुलाई धन्यवाद व्यक्त गर्दछु । यस नवौं नगरसभामा प्रस्तुत

विभिन्न क्षेत्रगत कानूनहरु पारीत गरी सफल कार्यान्वयनमा विशेष जोड दिंदै शासन, सेवा, विकास र समृद्धिको पदचापमा यस नगरलाई अब्बल बनाउन यहाँहरुले अहम भूमिका निर्वाह गरि दिनुहुनेछ भन्ने मैले आशा, अपेक्षा र विश्वास लिएको छु ।
साथै राइनास नगरपालिकाको गरिमामय नवौं नगरसभाको वैठकमा महत्वपूर्ण सहभागिता जनाएर यस सभाको गरिमा बढाइदिनु भएकोमा सम्पूर्ण सभाका सदस्य मित्रहरुलाई हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु ।

..........................

(सिंह बहादुर थापा)

नगर प्रमुख,

राइनास नगरपालिका

तिनपिप्ले, लमजुङ

मितिः २०७८।१०।२८

अनुसूची १

| वडा नं. | सिफारिस | राजस्व संकलन | घटना दर्ता | वडा समितिको बैठक |
|---|---|---|---|---|
| १ | २५८ | १,०४,६००।- | ३८ | ७ |
| २ | २१४ | ९२,३८०।- | ४९ | ३ |
| ३ | ४२३ | १,८१,६९०।- | ३४ | ९ |
| ४ | ११९ | ३,४७,२८९ | ५९ | १४ |
| ५ | ५२९ | २,७२,२४३।- | ३५ | ५ |
| ६ | ७७५ | ३,७८,४८०।- | ९१ | ९ |
| ७ | २०९ | १,८५,३००।- | २२ | ९ |
| ८ | ९२५ | ४,४१,८४१।- | १२० | १२ |
| ९ | १७१ | १,१३,९५०।- | ७२ | ८ |
| १० | ३७३ | ८२,६०५।- | ४९ | ५ |